**मिति २०७८ माघ २८ गते (वि.सं. २०७८।१०।२८) शुक्रबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०औं नगरसभाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ मा बिनियोजत बजेट तथा कार्यक्रमहरु विश्वव्यापी कोराना भाईरस महामारीका कारण केहि कार्यक्रम तथा योजनाहरु निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएकोले सोमा बिनियोजित तपसिलका बजेट र कार्यक्रम लाई नगरस्तरीय कार्यक्रमहरु अनुसूचि १ र वडा स्तरिय कार्यक्रमहरु अनुसूचि २ मा समावेश गरी रकममान्तर र शिर्षकान्तर गर्ने भनि मिति २०७८।१०।२३ गते बसेको १२६औं कार्यपालिका बैठकको नि.नं. १ बाट निर्णय भएकोले सोहि बमोजिम रकमान्तर र शिर्षकान्तर गरी योजना कार्यान्वय गर्ने र नगरकार्यपालिकाबाट नगरप्रमुखलाई प्राप्त अख्तीयारी बमोजिम तोकादेशबाट भएका आयोजनाहरु समेत अनमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को ९औं नगरसभाबाट स्वीकृत केहि करका दरन्बन्दीहरुमा सरोकारवाला निकाय तथा नगरबासीको लिखित रुपमा गुनासो प्राप्त भएकोले तपसिल बमोजिकका करका दरबन्दीहरु संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिको तपसिल बमोजिमका बिधेयकहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. तुलसीपुर उपमहानगरपालिका अटो मोबाईल वर्कसप सञ्चालन तथा ब्यवस्थापन गर्न बनेको बिधेयक,२०७८

२. तुलसीपुर उपमहानगरपालिका स्थानीय बजार ब्यवस्थापन तथा अनुगमन बिधेयक,२०७८

३. तुलसीपुर भिमसेन मेट्रो अस्पताल स्थापना,सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी बिधेयक,२०७८

४.तुलसीपुर उपमहानगरपालिका सार्बजनिक निजी साझेदारी लगानी ब्यवस्थापन तथा स्न्चालन बिधेयक २०७८

५.मटांवा प्रर्णाली संरक्षण,प्रवर्द्धन र बिकास गर्न बनेको बिधेयक,२०७८

६. तुलसीपुर उपमहहानगरपालिकाको नगर प्रहरी बिधेयक,२०७८

७.तुलसीपुर उपमहानगरपालिकाको सुशासन बिधेयक,२०७८

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ माघ २८ गते (वि.सं. २०७८।१०।२८) शुक्रबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०औं नगरसभाको बैठकका निर्णयहरु :**

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब २०७८/०७९ को २०७८ श्रावण पछि नगरकार्यपालिका बैठकबाट स्वीकृत भएका तपसिल बमोजिमका कानुनहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१.तुलसीपुर उपमहानगरपालिका पर्यटन तथा संस्कृती प्रवर्द्धन समिति गठन तथा कार्यसञ्चालन कार्यबिधि,२०७८

२.तुलसीपुर उपमहानगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति,२०७८ ,२०७८

३.तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यबिधि,२०७८

४.तुलसीपुर उपमहानगरपालिका सहकारी संस्था एकिकरण निर्देशिका,२०७८

५.तुलसीपुर उपमहानगरपालिका सहकारी संस्था एकिकरण निर्देशिका,२०७८

६.तुलसीपुर उपमहानगरपालिका सहकारी नियमावली,२०७८

७. तुलसीपुर उपमहानगरपालिका बिपद जोखिम न्यूनिकरण तुलसीपुर कार्यमञ्चको सञ्चालन मार्गदर्शन,२०७८

८. तुलसीपुर उपमहानगरपालिका प्रधानाध्यापक छनोट तथा ब्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७८

९.तुलसीपुर उपमहानगरपालिकाको कर्मचारी आन्तरिक भ्रमण(कार्यक्रम सञ्चालन) निर्देशिका,२०७८

१०. तुलसीपुर उपमहानगरपालिकाको राजश्व सुधार कार्ययोजना २०७८/०७९-२०८१/०८२

११. तुलसीपुर उपमहानगरपालिका आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यबिधि,२०७८

**निर्णय नं. ५**

क) सुशासन समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

ख) आर्थिक समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

ग) पुर्वाधार बिकास समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

घ) बन वातावरण तथा बिपद ब्यवस्थापन समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

ङ) सामाजिक बिकास समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत

च) लेखा समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

छ) बिधेयक समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

ज) न्यायीक समितिको २०७८ श्रावण पछिको प्रतिवेदन प्रस्तुत ।

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ माघ २८ गते (वि.सं. २०७८।१०।२८) शुक्रबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०औं नगरसभाको बैठकका निर्णयहरु :**

**निर्णय नं. ६**

यस तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र हुने बिपदहरु मध्य आगलागिको घटना प्रमुख रहेको भनि बिपद व्यवस्थापन समितिको प्रतिवेदनमा समेत उल्लेख भएको र यस प्रकारका घटनाहरु भयावह रुपमा आईरहेकोले यस उपमहानगरपालिकामा हाल रहेको बारुणयन्त्र पुरानो भई कामयाव समेत नभएको अवस्था भएकोले एक वटा उच्च गुणस्तरीय बारुणयन्त्र आवश्यक कानुनी प्रकृया पुरा गरी खरिद गर्न तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकालाई अख्तीयारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस तुलसीपुर उपमानगरपालिका वडा नं. ८ मा सञ्चालित भिमसेन स्वास्थ्य प्रवर्द्धन केन्द्र र वडा नं. ८ मै सञ्चालित तुलसीपुर मेट्रो अस्पताललाई समायोजन गरी  तुलसीपुर भिमसेन मेट्रो अस्पताल नामाकरण गर्ने र हालसम्म भिमसेन प्रवर्द्धन केन्द्रमा  र तुलसीपुर मेट्रो अस्तालका नाममा रहेको सबै चल अचल सम्पत्ति तुलसीपुर भिमसेन मेट्रो अस्पतालका नाममा रहने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस तुलसीपुर उपमहानगरपालिकाले आ.ब. २०७८/०७९ को ९औं नगरसभाबाट पारित बजेट तथा कार्यक्रममा ६०००००००।(साठी करोड मात्र) आन्तरीक आय अनुमानको गरिएकोमा हाल सम्म सो आय अत्यन्त न्यून उठेका कारण बिकास निर्माणमा प्रत्यक्ष असर परेकोले लेखा समितिको प्रतिवेदन बमोजिम चालु आ.ब. मा वडागत रुपमा बिनियोजित बजेटको रकम मध्यबाट आन्तरिक श्रोत तर्फको बजेटमा ३० देखि ४० प्रतिशत  भित्र रहि योजना कार्यान्वयनका व्यवस्था मिलाउन नगरकार्यपालिका बैठक लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसुचि १७ को क्र.स. १० वमोजिम पौस मसान्त सम्म पक्की घर अभिलेखिकरण गर्दा लाग्ने थप जरिवानामा ५० प्रतिशत छुट रहेकोले २०७८ चैत्र मसान्त सम्म छुट दिने भनि मिति २०७८ पौष २७ गते बसेको १२३औं कार्यपालिका बैठकको नि.नं. ११ बाट पारित भएकोले सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसुचि १७ को क्र.स. ९ वमोजिम पौस मसान्त सम्म घ बर्गका,कच्ची,प्रिफ्याव र अस्थायी घरहरुको अभिलेखिकरणका लागि अभिलेखिकरण दस्तुर,अमिन सेवा शुल्क, सुपरभिजन शुल्क र प्रमाण पत्र शुल्कमा ५०  प्रतिशत छुट रहेकोमा सो छुटलाई  २०७८ चैत्र मसान्त सम्म छुट दिने भनि मिति २०७८ पौष २७ गते बसेको १२३औं कार्यपालिका बैठकको नि.नं. १२ बाट पारित भएकोले सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ माघ २८ गते (वि.स २०७८।१०।२८) शुक्रवार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १० औ नगरसभाको बैठकका निर्णयहरु :**

**निर्णय नं. ११**

तुलसीपुर पुर्वाधार विकास प्राधिकरण समितिको मिति २०७८।१०।१८ गतेको बैठकबाट चालु आ.व. २०७८/०७९ मा तपसिल बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय बमोजिम भएकोले तपसिलका योजनाहरु सञ्चालन गर्ने उक्त योजनाहरुमा लाग्ने बिटुमिन तुलसीपुर उपमहानगरपालिकाले उपलब्ध गराउने गरी ठेक्का लगाई योजना सञ्चालन गर्न नगर कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को ङ लाईनमा मिति २०७८।१०।२८ बक्स बहादुर के.सीको चार तले घरमा भाडामा बस्ने हुसेन बक्सले सञ्चालनमा गरेको गोदाममा आगलागि भई धनजनको क्षेति भएकोमा दिवंगत हुनुहने सुजिता खातुन, हसन बक्स, मसिन बक्स, नजर दिन अलि आदिददिन अलि प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनामा हार्दिक समेदना दिने र मृतक भएका व्यक्तिहरुको काजकिरीया खर्च बापत तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०७८/०७९ को प्रकोप व्यवस्थापन कोषवाट निकासा हुने गरी जनहि रु १००,०००। -एक लाख ) का दरले जम्मा रु ५००,०००। भुक्तानी दिने निर्ण गरियो ।

**निर्णय नं. १३**

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको मिति२०७८।१०।२३ गते बसेको बैठकको निर्णयानुसार बसपार्क पुर्बाधार शुल्क उठाउन सबै भन्दा बढि कबोल अंक भएको बुढाथोकि ट्रेड एण्ड सप्लायर्स धनगढी ४ कैलालीको ठेक्का नं. २९/२०७८/०७९ कवोल अंक रकम रु २,२३,३१,७८६। -दुई करोड तेईस लाख एकतिस हजार सात सय छेयासी मात्र ) बार्षिक अंक कबोल भएकोमा यस आर्थिक वर्ष २०७८/०७९ को बाकि ठेक्का चलान अवधि वार्षिक कवोल अंकलाई दामासायीले दैनिक हिसाव गरी ठेक्का सम्झौता भएको मिति देखि लागु हुने गरी समायोजन गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

घनश्याम पाण्डे
प्रमुख